नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च.नं. :-

## प्रेस विज्ञप्ति

मिति :......................

आज मिति २०७४/०३/०२ गतेका दिन नेपाल सरकारका मुख्यसचिव डा. सोमलाल सुवेदीज्यूको अध्यक्षतामा यस कार्यालयमा बसेको आ. व. २०७३/७४ को १६ औं सचिव बैठकबाट देहाय बमोजिमको निर्णयहरु भएकोले सम्बन्धित सवैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

१. सबै तहको आन्तरिक लेखा परिक्षणलाई प्रभावकारी बनाउन आवश्यक अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न महालेखा नियन्त्रकको संयोजकत्वमा सहसचिव-प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका, सहसचिव - अर्थ मन्त्रालय, सहसचिव - सार्वजनिक खरिद अनुगमन कार्यालय, सहसचिव- महालेखा परीक्षकको कार्यालय र सदस्य सचिव- सहमहालेखा नियन्त्रक रहने गरी समिति गठन गर्ने र उक्त समितिले ४५ दिन भित्र राय सुझाव सहितको प्रतिवेदन पेश गर्ने।

२. नेपाल सरकारको सचिव पदमा बढुवा गर्दा र विभागीय प्रमुख पदमा र एक अर्ब भन्दा बढि लागतको आयोजना प्रमुख सिफारिश/पदस्थापन गर्दा महालेखा परीक्षकको कार्यालयबाट वित्तीय जवाफदेहिताको स्तर मापन प्राप्त गरी सो समेतको आधारमा गर्ने व्यवस्था मिलाउने।

३. वित्तीय उत्तरदायित्व सम्बन्धी कानून निर्माण गरी वित्तीय जवाफदेहितालाई सुदृढ गर्ने।

२०७४ असार २

..............................
दामोदर रेग्मी
सहसचिव/ प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np